# सूचना प्रविधि को प्रयोग (अनलाईन) वाट तारीख लिने सम्बन्धी निर्देशिका २०७२

सर्वोच्च अदालत

माघ २०७२

**सूचना प्रविधि को प्रयोग (अनलाईन) वाट तारीख लिने सम्बन्धी निर्देशिका २०७२**

सर्वोच्च अदालत र मातहत अदालतहरुको मुद्दा मामिला लगायतका काम कारवाही सूचना प्रविधिको माध्यमवाट समेत गर्न गराउन सकिने प्रावधान सर्वोच्च अदालत नियमावली २०४९ को नियम १०५ क. मा भए बमोजिम सर्वोच्च अदालत र पुनरावेदन अदालतहरुमा विचाराधिन मुद्दामा अन्य अदालतवाट समेत तारीख लिन सकिने ब्यवस्था गर्न आवश्यक भएकोले सर्वोच्च अदालत नियमावली २०४९ को नियम ११६ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद– १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो निर्देशिकाको नाम "सूचना प्रविधि को प्रयोग (अनलाईन) वाट तारीख लिने सम्बन्धी निर्देशिका २०७२" रहेको छ ।

(२) यो निर्देशिका सर्वोच्च अदालत पूर्णवैठकले अवलम्बन गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः–

(क) "तारीख" भन्नाले अदालतको आदेश वमोजिम कुनै काम सम्पन्न गर्नका लागि वा मुद्दाको सुनवाईको प्रयोजनको लागि अदालतमा उपस्थित हुनुपर्ने भनि अदालतले तोकिएको दिनलाई सम्झनुपर्छ ।

(ख) "सूचना प्रविधिको प्रयोग (अनलाइन) वाट तारीख" भन्नाले मुद्दाको कार्यविधि ब्यवस्थित गर्नका लागि तयार गरी कम्प्यूटर संजालमा आवद्ध गरिएको सफ्टवेयरको प्रयोग मार्फत दिइने तारीखलाई जनाउने छ ।

(ग) "वेइलाकाको अदालत" भन्नाले मुद्दा विचाराधिन रहेका अदालत वाहेकका यस निर्देशिकामा तोकिएका पुनरावेदन अदालत तथा जिल्ला अदालतहरुलाई जनाउने छ ।

# परिच्छेद २

## तारीख दिने अख्तियारी

### ३. तारीख तोक्ने अख्तियारी देहायका अदालतहरुमा रहनेछः–

१. मुद्दामा तारीख तोक्ने अख्तियारी मुद्दा विचाराधिन रहेकै अदालतलाई हुनेछ ।

२. सामान्यतयाः मुद्दाका पक्षले मुद्दा विचाराधिन रहेकै अदालतमा उपस्थित भै तारीख लिनुपर्ने छ ।

३. उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सर्वोच्च अदालत, पुनरावेदन अदालत, विशेष अदालत, काठमाडौं तथा विद्युतिय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ६०(५) बमोजिम सो ऐन अन्तर्गतका मुद्दा हेर्न तोकिएको जिल्ला अदालतमा विचाराधिन मुद्दाका पक्षले मुद्दा विचाराधिन रहेको अदालत वाहेकका अन्य अदालतमा उपस्थित भई तारीख लिन चाहेमा अनुसूची– १ मा तोकिएका पुनरावेदन अदालत वा जिल्ला अदालतवाट सूचना प्रविधिको प्रयोग गरी अनलाईन तारीख लिन सक्नेछन् ।

४. उपनियम (३) को प्रयोजनको लागि विशेष अदालत, काठमाडौं र विद्युतिय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ६० (५) बमोजिम तोकिएको जिल्ला अदालतका हकमा विशेष अदालत, काठमाडौं र सम्बन्धित जिल्ला अदालतले अनुमति दिएमा मात्र मुद्दाका पक्षलाई अनलाईन तारीखको सुविधा उपलब्ध गराउन सकिनेछ ।

# परिच्छेद ३

## सूचना प्रविधिको प्रयोगवाट तारीख लिने कार्यविधि

### ४. सूचना प्रविधिको प्रयोगवाट तारीख लिन फारम भर्नुपर्नेः

(१) कुनै मुद्दाका पक्षले वेइलाकाको अदालतवाट सूचना प्रविधिको प्रयोग गरी तारीख लिन चाहेमा अनुसूची २ बमोजिमको फारम भरी सो फारम साथ त्यसरी तारीख लिन चाहने पक्षको फोटो सहितको पहिचान खुल्ने कागजातको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिमको फारम भर्दा सामान्यतयाः तारीख लिन आफूलाई पायक पर्ने कुनै २ वटा अदालतको नाम फारममा उल्लेख गर्नुपर्ने छ ।

(३) उपदफा (१) वमोजिम भरेको फारम रितपूर्वकको छ छैन हेरि रितपूर्वकको देखिए सम्बन्धित कर्मचारीले प्रमाणित गरी मिसिल सामेल गर्नुपर्ने छ ।

### ५. सूचना प्रविधिको प्रयोगवाट तारीख लिएको व्यहोरा तारीख पर्चामा जनाउनु पर्नेः

सूचना प्रविधिको प्रयोग गरी वेइलाकाको अदालतवाट तारीख लिने सुविधा लिएका पक्षको हालसालै खिचिएको एकप्रति फोटो तारीख पर्चामा नै टाँसी निजले तारीख लिन चाहेको अदालतको नाम समेत तारीख पर्चामा उल्लेख गरी अनलाइन तारीखको सुविधा लिएको व्यहोरा तारीख पर्चामानै स्पष्ट देखिने गरी जनाउनु पर्छ ।

## ६. अनलाइन तारीखको सुविधा लिएको फारम सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेः

मुद्दाका पक्षले दफा ४ बमोजिम पेश गरेको फारम र फारम साथ पेश भएको परिचय खुल्ने कागजात समेत स्क्यान गरी सम्वन्धित फाँटवालाले अविलम्व कम्प्यूटर सञ्जालमा जोडिएको सफ्टवेयरमा प्रविष्ट गर्नुपर्ने छ ।

## ७. अनलाइन तारीख तोक्ने सम्वन्धी कार्यविधिः

(१) तारीख लिने पक्ष आफूले तारीख लिन चाहेको अदालतमा तारीख लिनका लागि उपस्थित भएमा फोटो सहितका कागजातहरुका आधारमा सम्वन्धित व्यक्तिको पहिचान यकिन गर्नुपर्ने छ ।

(२) उपदफा (२) वमोजिम अनलाइन तारीख लिने पक्ष उपस्थित भएपछि अनलाइन तारीख सम्बन्धी सफ्टवेयरमा रहेको उपस्थिति सूचक संकेत मार्फत पक्ष उपस्थित भएको जानकारी मुद्दा विचाराधिन रहेको अदालतमा पुग्ने गरी उपस्थिति जनाई दिनुपर्छ ।

(३) पक्षको उपस्थितिको जनाउ प्राप्त भएपछि मुद्दा विचाराधिन रहेकै अदालतमा तारीखमा उपस्थित भएको मानिनेछ ।

## ८. वेइलाकाको तारीख सम्बन्धी छुट्टै अभिलेख राख्नुपर्नेः

(१) वेइलाकामा तारीख लिन आउने मुद्दाका पक्षको अनुसूची– ३ वमोजिमको ढाँचामा बेग्लै रजिष्टर खडा गरी अभिलेख राख्नुपर्ने छ ।

(२) कुनै प्राविधिक कारण परी दफा ७ को उपदफा (२) वमोजिम उपस्थितिको जनाउ मुद्दा विचाराधिन रहेको अदालतमा पठाउन नसकिएमा वा प्राप्त हुन नसकेमा हाजिर भएको अदालतमा उपस्थिति देखिने गरी राखेको प्रमाणित अभिलेखका आधारमा मुद्दामा उपस्थित भएको मानिनेछ ।

(३)उपदफा (२) वमोजिमको अवस्थामा सम्वन्धित अदालतले नै उपस्थिति जनाई प्रमाणित गरी राख्नुपर्छ र कम्प्यूटर प्रणाली सूचारु हुनासाथ अविलम्व मुद्दा विचाराधिन रहेको अदालतमा पठाउनु पर्नेछ ।

## ९. अर्को तारीख तोक्नेः

(१) मुद्दा विचाराधिन रहेको अदालतले मुद्दाको कारवाहीको अवस्था पक्षले थाहा पाउने गरी कम्प्यूटर नेटवर्कमा अद्यावधिक गरि राख्नुपर्ने छ ।

(२) तोकिएको तारीखको दिन पछि पुनः अर्को तारीख तोक्नु परेमा मुद्दा विचाराधिन रहेको अदालतले कारण जनाई तत्कालै अर्को तारीख तोक्नुपर्ने छ ।

(३) उपदफा (२) वमोजिम अर्को तारीख तोकेको जानकारी पक्ष उपस्थित भएको अदालतले पाउने गरी प्राथमिकताकासाथ कम्प्यूटर सफ्टवेयर मार्फत जनाउँ दिनुपर्ने छ ।

(४) कम्प्यूटर सञ्जालवाट अर्को तारीख तोकेको सन्देश पक्ष उपस्थित भएको अदालतमा पुगेपछि सो अदालतले सोही दिन तारीख पर्चामा अर्को तारीखको दिन तोकी तारीख दिने कर्मचारीको नाम, पद लेखि दस्तखत गरी अदालतको छाप समेत लगाउनु पर्नेछ ।

(५) उपदफा (४) वमोजिम तारीख पर्चामा अर्को तारीखको दिन तोके पश्चात् सो तारीख पर्चालाई स्क्यान गरी पक्ष उपस्थित भएको अदालतले मुद्दा विचाराधिन रहेको अदालतमा कम्प्यूटर सञ्जालवाट अविलम्व तारीख तोकेको सन्देश पठाउनु पर्नेछ । त्यसरी प्राप्त स्क्यान प्रति सम्बन्धित मिसिलमा भरपाई सरह राख्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम अर्को तारीखको दिन तोकेको सन्देश प्राप्त भएपछि सोही दिन पर्चामा उल्लेख गरी अभिलेख रहने रजिष्टरमा सहीछाप गराई राख्नुपर्छ ।

(७) प्राविधिक वा अन्य कुनै कारणले मुद्दाको अवस्था वा नयाँ तारीख तोकेको दिन तत्काल नेटवर्कमा प्रविष्ट हुन नसकेमा इमेल, फोन वा फ्याक्स लगायतका संचार माध्यमवाट मुद्दा विचाराधिन रहेको अदालतले पक्ष उपस्थित भएको अदालतमा छुट्टै सूचना पठाउनु पर्नेछ । यसरी प्राप्त सूचनाका आधारमा उपदफा (२) वमोजिम पुनः अर्को तारीख तोक्नु पर्नेछ ।

## १०. तारीख पर्चा नलिई मुद्दाका पक्ष उपस्थित भएमाः

(१) मुद्दाका पक्ष तारीख लिन उपस्थित हुँदा कारणवशः दफा ११ वमोजिमको तारीख पर्चा नलिई उपस्थित भएको रहेछ भने सोको कारण खुलाई निवेदन दिएमा मुद्दा विचाराधिन भएको अदालतमा फारम भर्दा उल्लेख गरेको परिचय खुल्ने लिखत ल्याएको रहेछ भने सो लिखतसंग भिडाई दुरुस्त देखिन आएमा तारीख पर्चा लिएर आएको सरह मानी तारीखको प्रक्रिया अवलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तारीखमा उपस्थित भएको व्यक्तिको छुट्टै तारीख भरपाई खडा गरी सम्बन्धित अदालतमा स्क्यान गरी पठाईदिनु पर्नेछ ।

## ११. वारेश वातिल गर्ने कार्यविधिः

वारेश वातील गर्नुपरेमा मुद्दा विचाराधिन रहेकै अदालतमा उपस्थित भई पहिलेको फारम हटाएर नयाँ फारम भरी यस निर्देशिकामा उल्लिखित प्रक्रिया पूरा गरी पूनः तोकेको कार्यविधि अवलम्बन गर्नुपर्ने छ ।

# परिच्छेद ४

# विविध

## १२. कर्मचारी तोक्नुपर्नेः

(१) सूचना प्रविधिको प्रयोगवाट तारीख दिने सम्वन्धि कार्यविधि अवलम्बन गरेका अदालतले एकजना कर्मचारीलाई यस सम्वन्धि काम गर्ने गरी तोक्नु पर्नेछ ।

(२) सूचना प्रविधिको प्रयोगवाट तारीख सुविधा प्रयोगको कार्य यस निर्देशिका अनुसार भए नभएको सम्बन्धमा जिल्ला अदालतको हकमा श्रेस्तेदारले तोकेको अधिकृत कर्मचारीले, पुनरावेदन अदालतको हकमा सुपरिवेक्षकले र सर्वोच्च अदालतको हकमा मुद्दा शाखाका प्रमूखले अनुगमन गर्नुपर्ने छ ।

## १३. अनलाइन तारीखको सुविधा उपस्थितिको लागि मात्र हुनेः

(१) यस निर्देशिका वमोजिम वेइलाकावाट तारीख लिन पाउने व्यवस्था मुद्दाका पक्षको सुविधाका लागि मात्र हो । अधिकारका रुपमा रहने छैन ।

(२) यस निर्देशिकामा उल्लेख भए वमोजिमको वेइलाकाको अदालतमा उपस्थिति हुन पाउने सुविधा तारीखमा उपस्थिति जनाउने प्रयोजनको लागि सम्म हुनेछ । मुद्दाका पक्ष स्वयं उपस्थित हुनुपर्ने अवस्थामा वा मुद्दाको काम कारवाही सम्वन्धी अन्य कार्यविधिका लागि मुद्दाका पक्ष मुद्दा विचाराधिन रहेकै अदालतमा उपस्थित हुनुपर्ने छ ।

## १४. मुद्दा विचाराधिन रहेकै अदालतमा तारीख लिन सकिनेः

सूचना प्रविधिको प्रयोगवाट तारीख लिने सुविधा प्राप्त गरेको पक्ष सो सुविधा उपयोग नगरी मुद्दा विचाराधिन रहेकै अदालतमा स्वयं उपस्थित भै तारीख लिन यो निर्देशिकाले वाधा पुऱ्याएको मानिने छैन ।

# अनुसूची – १

## (दफा ३(३) संग सम्बन्धित)

**(सर्वोच्च अदालत तथा पुनरावेदन अदालतमा विचाराधिन मुद्दाका हकमा सूचना प्रविधिको प्रयोग गरी तारीख लिन सकिने पुनरावेदन अदालत र जिल्ला अदालतहरुको नामावली)**

| | पुनरावेदन अदालत |
|---|---|
| १. | पुनरावेदन अदालत, इलाम |
| २. | पुनरावेदन अदालत, धनकुटा |
| ३. | पुनरावेदन अदालत, विराटनगर |
| ४. | पुनरावेदन अदालत, राजविराज |
| ५. | पुनरावेदन अदालत, जनकपुर |
| ६. | पुनरावेदन अदालत, पाटन |
| ७. | पुनरावेदन अदालत, हेटौंडा |
| ८. | पुनरावेदन अदालत, पोखरा |
| ९. | पुनरावेदन अदालत, बागलुङ |
| १०. | पुनरावेदन अदालत, वुटवल |
| ११. | पुनरावेदन अदालत, तुलसीपुर |
| १२. | पुनरावेदन अदालत, नेपालगंज |
| १३. | पुनरावेदन अदालत, सुर्खेत |
| १४. | पुनरावेदन अदालत, दिपायल |
| १५. | पुनरावेदन अदालत, महेन्द्रनगर |

| | जिल्ला अदालत |
|---|---|
| १. | ताम्लेजुङ जिल्ला अदालत |
| २. | पाँचथर जिल्ला अदालत |
| ३. | झापा जिल्ला अदालत |
| ४. | इलाम जिल्ला अदालत |
| ५. | संखुवासभा जिल्ला अदालत |
| ६. | तेह्रथुम जिल्ला अदालत |
| ७. | भोजपुर जिल्ला अदालत |
| ८. | धनकुटा जिल्ला अदालत |
| ९. | मोरङ जिल्ला अदालत |
| १०. | सुनसरी जिल्ला अदालत |
| ११. | सोलुखुम्बु जिल्ला अदालत |
| १२. | ओखलढुंगा जिल्ला अदालत |
| १३. | खोटाङ जिल्ला अदालत |
| १४. | उदयपुर जिल्ला अदालत |
| १५. | सिरहा जिल्ला अदालत |
| १६. | सप्तरी जिल्ला अदालत |
| १७. | रामेछाप जिल्ला अदालत |
| १८. | सिन्धुली जिल्ला अदालत |
| १९. | सर्लाही जिल्ला अदालत |
| २०. | महोत्तरी जिल्ला अदालत |
| २१. | धनुषा जिल्ला अदालत |
| २२. | दोलखा जिल्ला अदालत |
| २३. | रसुवा जिल्ला अदालत |
| २४. | काभ्रेपलाञ्चोक जिल्ला अदालत |
| २५. | सिन्धुपलाञ्चोक जिल्ला अदालत |
| २६. | धादिङ जिल्ला अदालत |
| २७. | नुवाकोट जिल्ला अदालत |
| २८. | काठमाडौं जिल्ला अदालत |
| २९. | भक्तपुर जिल्ला अदालत |
| ३०. | ललितपुर जिल्ला अदालत |
| ३१. | मकवानपुर जिल्ला अदालत |
| ३२. | चितवन जिल्ला अदालत |
| ३३. | वारा जिल्ला अदालत |
| ३४. | पर्सा जिल्ला अदालत |
| ३५. | रौतहट जिल्ला अदालत |

| | |
|---|---|
| ३६. | गोरखा जिल्ला अदालत |
| ३७. | लमजुङ जिल्ला अदालत |
| ३८. | स्याङजा जिल्ला अदालत |
| ३९. | तनहुँ जिल्ला अदालत |
| ४०. | कास्की जिल्ला अदालत |
| ४१. | मुस्ताङ जिल्ला अदालत |
| ४२. | म्याग्दी जिल्ला अदालत |
| ४३. | पर्वत जिल्ला अदालत |
| ४४. | वागलुङ जिल्ला अदालत |
| ४५. | अर्घाखाची जिल्ला अदालत |
| ४६. | गुल्मी जिल्ला अदालत |
| ४७. | पाल्पा जिल्ला अदालत |
| ४८. | नवलपरासी जिल्ला अदालत |
| ४९. | रुपन्देही जिल्ला अदालत |
| ५०. | कपिलवस्तु जिल्ला अदालत |
| ५१. | रुकुम जिल्ला अदालत |
| ५२. | रोल्पा जिल्ला अदालत |
| ५३. | सल्यान जिल्ला अदालत |
| ५४. | प्यूठान जिल्ला अदालत |
| ५५. | दाङ जिल्ला अदालत |
| ५६. | बाँके जिल्ला अदालत |
| ५७. | वर्दिया जिल्ला अदालत |
| ५८. | सुर्खेत जिल्ला अदालत |
| ५९. | जाजरकोट जिल्ला अदालत |
| ६०. | दैलेख जिल्ला अदालत |
| ६१. | बझाङ जिल्ला अदालत |
| ६२. | बाजुरा जिल्ला अदालत |
| ६३. | अछाम जिल्ला अदालत |
| ६४. | डोटी जिल्ला अदालत |
| ६५. | कैलाली जिल्ला अदालत |
| ६६. | दार्चुला जिल्ला अदालत |
| ६७. | वैतडी जिल्ला अदालत |
| ६८. | डडेलधुरा जिल्ला अदालत |
| ६९. | कञ्चनपुर जिल्ला अदालत |

| |
|---|
| हालसालै खिचिएको फोटो |

# अनुसूची - २

## वेइलाकाको अदालतवाट सूचना प्रविधिको प्रयोग गरी तारीख लिन चाहने पक्षले भर्नुपर्ने फारमको नमूना

(दफा ४(१) संग सम्बन्धित)

...................... अदालत

....................शाखा ..................फाँट

| | |
|---|---|
| मुद्दा / रजिष्ट्रेसन नं.:- | मुद्दाको नामः- |
| मुद्दाका पक्ष वा वारिसको पुरा नाम थर र वतनः- | |
| मोवाइल नं. :- | |
| सम्पर्कः- | |
| ईमेल :- | |
| नेपाली नागरिकको हकमा नागरिकता नं :- | |
| पायक पर्ने अदालतको नामः- १.<br>२. | |
| विदेशी नागरिकको हकमा पासपोर्ट नं वा स्पष्ट परिचय खुल्ने अन्य कागजातः- | |
| हस्ताक्षर | हस्ताक्षर |
| हस्ताक्षर | हस्ताक्षर |

| दा | बा |
|---|---|
| | |

## अनुसूची – ३

## वेइलाकाको अदालतमा तारीख लिन उपस्थित हुने मुद्दाका पक्षको उपस्थितिका लागि खडा गरिने रजिष्टरको नमूना

(निर्देशिकाको दफा ८(१) संग सम्बन्धित)

श्री ..................................... अदालत

......................

| नं. | पक्ष विपक्षको नाम | मुद्दा | मुद्दा नं. | मुद्दा विचाराधिन रहेको अदालत | तारीख तोकिएको मिति | दस्तखत | प्रमाणित गर्नेको सहीछाप र मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |